# लोक सेवा आयोग

## सार्क राष्ट्रका प्रमुखहरुको पहिलो बैठक ( नोबेम्बर २० - २२, २०१० ) सम्बन्धी जानकारी

यही नोवेम्वर २० देखि २२ सम्म भारतको नयाँ दिल्लीमा सार्क सचिवालयको आयोजनामा सम्पन्न भएको सार्क क्षेत्रका लोकसेवा आयोगका प्रमुखहरुको पहिलो बैठक सम्बन्धी प्रतिवेदन विवरण निम्न बुँदामा उल्लेख गरिएको छ :

दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क)को आयोजनामा नयाँ दिल्लीमा आयोजना भएको सार्क राष्ट्रका लोक सेवा आयोगका प्रमुखहरुको बैठक नोवेम्वर २० देखि २२ ,२०१० सम्म संघीय लोक सेवा आयोग नयाँ दिल्लीमा सम्पन्न भयो । यो बैठकको आतिथ्यता भारतको संघीय लोक सेवा आयोग ले गरेको थियो । बैठकमा सार्कका आठवटै मुलुकका आयोगका प्रमुखहरुको उपस्थिति रहेको थियो । नेपाली प्रतिनिधिमण्डलको नेतृत्व लोक सेवा आयोगका कार्यबाहक अध्यक्ष डा. कयोदेवी यमी ले गर्नु भएको र प्रतिनिधिमण्डलमा लोक सेवा आयोगका सचिव श्री केशव प्रसाद भट्टराई, परराष्ट्र मंत्रालयका सार्क विभाग हेर्ने सहसचिव श्री हरिकुमार श्रेष्ठ तथा दिल्ली स्थित नेपाली राजदूतावासका सहायक मिशन प्रमुख श्री खगनाथ अधिकारी को सहभागिता रहेको थियो ।

सार्क मुलुकका लोक सेवा आयोगका प्रमुखहरुको यो पहिलो बैठक भएकोले बैठक मुख्यतः सदस्य राष्ट्रहरुले अपनाउदै आएका लोक सेवा आयोगका काम कर्तव्य, संवैधानिक र वैधानिक व्यवस्थाका विषयहरुको छलफलमा केन्द्रीत रहेको थियो । आफ्ना आफ्ना मुलुकहरुका आयोगहरुको संरचना, अधिकार र उत्तरदायित्वहरुबारे छलफल पश्चात बैटक भावी दिनहरुमा यस्तो बैठकको दिशा कस्तो रहने भन्ने विषयमा केन्द्रीत रहेको थियो । बैठक को कार्यसूची प्रतिवेदन साथ संलग्न छ ।

सबै मुलुकहरुहरुका प्रतिनिधिहरुले यस प्रकारको बैठक पहिलेनै हुनु पर्ने भएता पनि ढिलै भए पनि अहिले आएर भएको शुरुवातको स्वागत गरेका थिए । बैठकमा सबै मुलुकहरुले आयोगको स्वायत्ततामा जोड दिदै आयोगले गर्ने कार्य सम्पादनमा निष्पक्षता कायम हुनु पर्ने, आयोगहरुले सरकारी सेवा प्रवेशमा Meritocracy लाई संरक्षण गर्नु पर्ने , विभिन्न मुलुकहरुले अपनाइरहेका राम्रा कामहरुको एक अर्का मुलुकमा अनुसरण हुनु पर्ने , अन्तर्राष्ट्रिय स्तरमा भएका स्तरीय अनुभव सार्क मुलुकहरुले पनि ग्रहण गर्नु पर्ने, आपसी विचार विमर्श र राम्रा प्रयास र अनुभवहरुको नियमित रुपमा आदान प्रदानको व्यवस्था गरिनु पर्ने र यसै का लागि सार्क स्तरमा आयोगहरुको फोरम तथा प्राविधिक तहमा पनि बैठक र भ्रमणहरुको आदान प्रदान गरिनु पर्ने जस्ता विषयहरुमा उटाइएका थिए ।

बैठकले भावी कार्यदिशा स्वरुप एउटा दस्तावेज समेत स्वीकृत गरेको छ , जस्मा मुख्यतः देहायका विषयहरु समावेश छन् जस्ले सार्क स्तरीय लोक सेवा आयोगका प्रमुखहरुका आगामी बैठकहरुका लागि निर्देशको रुपमा काम गर्ने विश्वास गरिएको छ । बैठकले गरेका मुख्य सहमतिका बुँदाहरु निम्नानुसार छन् :

- सार्क लोक सेवा आयोगको बैठकलाई नियमितता दिन एउटा फोरमको आवश्यकता रहेको छ ।
- सार्क मुलुकहरुका लोक सेवा आयोग वा निजामति सेवा आयोगहरुबाट सम्पादन हुने कामहरु , अधिकार र उत्तरदायित्वहरुका विषयमा रहेका समानता र भिन्नताहरुको अध्ययन गरिनु पर्दछ ।
- सार्क मुलुकका आयोगका पदाधिकारीहरुको प्राविधिक तहमा पनि विचारहरुको आदान प्रदान तथा एक अर्काका राम्रा कामहरुका विषयमा भ्रमणको आदान प्रदान गरिनु पर्छ । यसका लागि आयोगको

कामममा प्रत्यक्ष संलग्न प्राविधिक प्रकारका विषयमा तालिम, गोष्ठी, अवलोकन भ्रमण जस्ता कुराहरुको व्यवस्था गरिनु पर्दछ । आदि ।

यस्तो बैठकलाई निरन्तरता दिने सहमति भए अनुसार आगामी सार्क लोकसेवा आयोग प्रमुखहरुको बैठक आगामी बर्ष पाकिस्तानमा गर्न सो मुलुकले गरेको प्रस्तावलाई बैठकले स्वीकार गरेको छ ।

बैठकमा नेपालबाट लोक सेवा आयोगको गठनको संवैधानिक व्यवस्था, अधिकार, कर्तव्य, कार्य प्रणाली, चुनौतीहरु र क्षेत्रीय सहयोग प्रवर्द्धनका लागि गरिनु पर्ने बुँदाहरु प्रस्तुत गरिएको थियो ।

बैठकको स्वीकृत कार्यसूची -एजेण्डा तल दिइएको छ ।

**South Asian Association for Regional Cooperation**

## Meeting of the Chiefs of Public Service Commissions of SAARC Member States

SAARC

**New Delhi, 20-22 November 2010**

**SAARC/CPSC/2**

## Annotated Provisional Agenda

**1. Opening of the Meeting**

As per SAARC practice the meeting may be opened by the Secretary General of SAARC or his representative.

**2. Adoption of Agenda**

The Provisional Agenda and its Annotations circulated as Document No. **SAARC/CPSC/1 and SAARC/CPSC/2** respectively may be adopted by consensus.

**3. Election of the Chairperson**

In accordance with SAARC practice, the Leader of the delegation of India, the host country, may be elected as Chairperson of the meeting by acclamation.

**4. Presentations followed by discussions on the role and functions the Public Service Commissions of Member States of SAARC**

(i) Afghanistan
(ii) Bangladesh
(iii) Bhutan
(iv) India
(v) Maldives
(vi) Nepal
(vii) Pakistan

(viii) Sri Lanka

The Chairperson may invite delegations to make presentations on the role and functions of their respective Public Service Commissions followed by discussions/recommendations.

**5. Consideration of regional cooperation among Public Service Commissions of Member States of SAARC**

The meeting may consider matters related to promoting regional cooperation among the Public Service Commissions of Member States such as sharing of best practices, rules and regulations, civil service examinations, selection and recruitment process, in-service trainings and performance appraisal of civil servants, among others. Capacity building and strengthening of the Public Service Commissions may be considered in the context of the above.

**6. Any other matter(s)**

Delegation(s) may wish to raise any other matter(s).

**7. Adoption of the Report**

The meeting may adopt its Report.

**8. Closing of the Meeting**

The Chairperson may declare the meeting closed.

*****